लिखु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

ककुँडे, नुवाकोट

बागमती प्रदेश, नेपाल

प.स. ०७७/०७८

च.नं. ८०

मितिः २०७७।०४।३२

**विषय : विज्ञप्ती ।**

प्रस्तुत विषयमा विश्वभर महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID 19) को संक्रमण रोकथाम तथा नियत्रणको लागि जिल्ला प्रशासन कार्यालय, नुवाकोटबाट जारी भएको निशेधाज्ञा पूर्ण रुपले पालना गर्ने गराउने सिलसिलामा यस गाउँपालिकाको सम्पूर्ण क्षेत्रहरुमा देहायका कार्यहरु गर्न गराउन निषेध गरिएको हुँदा सम्बन्धित सबैमा जानकारी एवं प्रभावकारी कार्यान्वयनमा सहयोगको लागि अनुरोध गरिएको छ ।

१. औषधि उपचार, खाद्य वस्तु खरिद, आफ्नै खेतवारीमा कृषिजन्य कार्य गर्ने जस्ता अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्ति घर बाहिर निस्किन ।

२. अत्यावश्यक सेवाका साधनहरु, अत्यावश्यक सेवाका ढुवानीका साधन र अनुमति प्राप्त सवारी साधन बाहेक अन्य सम्पूर्ण सवारी साधनहरु प्रवेश गर्न ।

३. अत्यावश्यक उपभोग्य वस्तु विक्रि गर्ने खाद्यान्न पसल, पेट्रोल पम्प, औषधि पसल बाहेकका सम्पुर्ण पसल, उद्योग, व्यवसाय सन्चालन गर्न (खाद्यान्न पसल विहान ६ बजेदेखि १० बजेसम्म मात्र खोल्ने)

४. स्थानीय स्तरमा मानिसहरुको जमघट हुने गरी कुनै किसिमको सेवा सन्चालन, कार्यक्रम सँन्चालन, समारोह, पर्व, जात्रा लगायतका धार्मिक तथा सांस्कृतिक गतिविधिहरु सन्चालन गर्न ।

५. नेपाली नारीहरुको पर्व तीज संग सम्बन्धित कुनै समारोह, नाचगान, सांस्कृतिक कार्यक्रम गर्न ।

यस विषम परिस्थितिमा लिखु गाउँपालिकाको नागरिकहरुको स्वास्थ्य सुरक्षालाई मध्यनजर गरी गाउँपालिकाबाट संक्रमण रोकथाम र नियन्त्रणको लागि कुनै कसर बाँकी नराखिने व्यहोरा अवगत गराउँदै नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गर्न र दृढ विश्वासका साथ आ आफ्नो क्षेत्रबाट सहयोग गर्न समेत सम्पूर्ण जनसमुदायमा हार्दिक अपिल गर्दछु ।.

ध्रुव श्रेष्ठ

अध्यक्ष